## श्रम सहचारी नियुक्ति सम्बन्धी मापदण्ड - २०६८

**संशोधन**

श्रम सहचारी नियुक्ति सम्बन्धी (दोश्रो संशोधन) मापदण्ड,२०७० मिति २०७०।१०।२४

**१.प्रस्तावना :**

१.विदेश स्थित नेपाली नियोगमा रहने श्रम सहचारीहरूको नियुक्ति, व्यवस्थापन र कार्यसम्पादनलाई व्यवस्थित र नियमित गर्न बैदेशिक रोजगार नियमाबली २०६८ को नियम ५२(क) बमोजिम यो मापदण्ड सम्बन्धी प्रस्ताव गरिएको छ ।

### भाग -१

### प्रारम्भिक

**२.विषयको संक्षिप्त व्यहोरा :**

वैदेशिक रोजगार ऐन, २०६४ को परिच्छेद- १२ दफा ६८ मा नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी नियुक्त गर्ने प्रावधान रहेको छ ।

साथै वैदेशिक रोजगार नियमावली, २०६४ को परिच्छेद–१० को नियम ४३ मा श्रम सहचारी नियुक्ति सम्बन्धी व्यवस्था रहेको र उक्त नियममा ऐनको दफा ६८ को उपदफा (१) बमोजिम श्रम सहचारी नियुक्ति गर्दा एक हजार वा सो भन्दा बढी महिला कामदार पठाइएका मुलुकमा योग्यता पुगेका महिला अधिकृतहरू मध्येबाट श्रम सहचारी नियुक्ति गर्न सकिने व्यवस्था रहेको छ ।

**३.श्रम सहचारीको नियुक्त सम्बन्धी व्यवस्था र मापदण्ड :**

बैदेशिक रोजगार नियमाबली २०६४ मा श्रम सहचारी नियुक्ति गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्ने उल्लेख भएको पाइन्छ :

१. श्रम सहचारी नियुक्ति गर्दा निजको दरबन्दी मन्त्रालयको दरबन्दीमा राखी परराष्ट्र मन्त्रालयमा काजमा पठाइनेछ ।

२. नेपालको राजदूतावास भएको मुलुकको लागि नियुक्त श्रम सहचारीलाई त्यस्तो मुलुकस्थित नेपाली राजदूतावास प्रमुखले राजदूतावासको क्षेत्राधिकारभित्र पर्ने अन्य मुलुकमा समेत नेपाली कामदारको श्रमसँग सम्बन्धित काम गर्ने गरी खटाउन सक्नेछ ।

३. श्रम सहचारी आफ्नो दैनिक कार्य सम्पादनको लागि सम्बन्धित राजदूतावास प्रमुखप्रति उत्तरदायी रहनेछ ।

४. श्रम सहचारीको पदनाम तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

५. श्रम सहचारीले त्रैमासिक रुपमा आफूले सम्पादन गरेको काम कारबाहीको प्रतिवेदन मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

उपर्युक्त वमोजिम वैदेशिक रोजगार ऐन तथा नियमावली भएको व्यवस्थालाई कार्यान्वयन गर्ने सिलसिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समय समयमा प्राप्त निर्देशन तथा सम्बन्धित अन्य निकायबाट सहमति प्राप्त भएको पृष्ठभूमिमा विभिन्न मुलुकमा श्रम सहचारी नियुक्ति गर्ने नेपाल सरकारको नीति अनुरुप श्रम सहचारी नियुक्तिका लागि मापदण्ड तयार गरी पेश गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०६८।२।२३ को निर्णयानुसार गठित समितिले प्रस्तुत प्रतिवेदन पेश गरेको छ ।

**४.समितिको गठन र कार्यविवरण:**

वैदेशिक रोजगारमा जाने गन्तव्य मुलुकमा नेपाली कामदारहरूको हित संरक्षणका लागि विभिन्न मुलुकमा श्रम सहचारी नियुक्ति गर्ने नेपाल सरकारको नीति अनुरुप श्रम सहचारी नियुक्तिका लागि मापदण्ड तयार गरी सात दिन भित्र प्रतिवेदन पेश गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०६८।२।२३ को निर्णयानुसार देहाय बमोजिमको समिति गठन भएको थियो ।

संयोजक : वैदेशिक रोजगार तथा अन्तर्राष्ट्रिय श्रम सम्बन्ध महाशाखा प्रमुख, श्रम तथा रोजगार मन्त्रालय,

सदस्य : निर्देशक, वैदेशिक रोजगार विभाग,

सदस्य : निर्देशक, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड,



सुरेश मान श्रेष्ठ
सचिव

सदस्य : उप सचिव, वैदेशिक रोजगार तथा श्रम सहचारी समन्वय शाखा, श्रम तथा रोजगार मन्त्रालय

सदस्य : उप सचिव, कानून तथा फैसला कार्यान्वयन शाखा, श्रम तथा रोजगार मन्त्रालय

सदस्य : उप सचिव प्रशासन शाखा, श्रम तथा रोजगार मन्त्रालय

सदस्य सचिव : शाखा अधिकृत, वैदेशिक रोजगार तथा श्रम सहचारी समन्वय शाखा, श्रम तथा रोजगार मन्त्रालय ।

**५.बैठक र छलफल :**

नेपाल सरकार (सचिवस्तर) को मिति २०६८।२।२३ को निर्णयानुसार गठित समितिको बैठक मिति २०६८।२।२६, २९ र २०६८।३।२ मा बसी सम्बन्धित विषयका व्यक्तिहरूलाई समेत आमन्त्रण गरी विस्तृत छलफल पश्चात् प्रस्तुत मापदण्डको मस्यौदा तयार गरी पेश गरिएको छ ।

**भाग -२**

**मापदण्ड**

**६.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम श्रम "सहचारी नियुक्ति सम्बन्धी मापदण्ड-२०६८" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**७.श्रम सहचारी नियुक्तिको लागि योग्यता:**

नेपाल सरकारले बैदेशिक रोजगार ऐन २०६४ को दफा ६८ बमोजिम श्रम सहचारीको नियुक्ति गरी खटाउदा अन्य कुराहरूको अतिरिक्त निम्न [१]न्यूनतम योग्यता पुगेका नेपाल प्रशासन सेवा [२]सामान्य प्रशासन समुहका कर्मचारीहरूलाई खटाइने छ :

१) **शैक्षिक योग्यता** :(क) स्नातक तह उत्तीर्ण गरेको ।

२) **भाषागत ज्ञान** :

(क) अंग्रेजी भाषामा IELTS Testको Overall Band Score 5.5 वा सो सरह TOEFL[३](IBT) परीक्षामा कम्तीमा 70 Score हासिल गरेको वा विश्वभाषा क्याम्पसबाट English Language Proficiency Test उतीर्ण गरेको [४]......... ।

३) **अनुभव**:

(क) श्रम तथा [५]रोजगार मन्त्रालय र अन्तर्गत विभाग, कार्यालय, बोर्ड, कोष, केन्द्र वा निकायमा (स्थायी तथा अस्थायी दरबन्दीमा कार्यरत स्थायी कर्मचारी) [६]श्रम सहचारी नियुक्ति सम्बन्धी प्रकाशित सूचनाको दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा १ बर्ष समान तहको पदमा [७]निरन्तर कार्यरत रहेको ।

[८]स्पष्टीकरण: श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गतका वैदेशिक रोजगार विभाग र मातहतका कार्यालयहरू तथा इ.पि.एस. शाखा, श्रम विभाग र मातहतका कार्यालयहरू, वैदेशिक रोजगार प्रवर्धन वोर्ड, सामाजिक सुरक्षा कोषको सचिवालय तथा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र र मातहतका सवै कार्यालयहरूका (स्थायी तथा अस्थायी

---

[१]दोश्रो संशोधनद्वारा थप
[२]दोश्रो संशोधनद्वारा थप
[३]दोश्रो संशोधनद्वारा थप
[४]दोश्रो संशोधनद्वारा झिकिएको
[५]दोश्रो संशोधनद्वारा संशोधित
[६]दोश्रो संशोधनद्वारा थप
[७]दोश्रो संशोधनद्वारा संशोधित
[८]दोश्रो संशोधनद्वारा थप

सुरेश मान श्रेष्ठ
सचिव

दरवन्दीमा कार्यरत स्थायी कर्मचारी) कम्तिमा १ वर्ष समान तहको पदमा रुजु हाजिर भै योग्यता पुगेका कर्मचारीहरूबाट श्रम सहचारी पदमा छनौटमा हुन नसकेको खण्डमा मिति २०६९।२।५ देखि स्थापित श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गतका वैदेशिक रोजगार विभाग र मातहतका कार्यालयहरू तथा इ.पि.एस.शाखा, श्रम विभागर मातहतका कार्यालयहरू, वैदेशिक रोजगार प्रवर्धन वोर्ड, सामाजिक सुरक्षा कोषको सचिवालय तथा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र र मातहतका सवै कार्यालयहरूका (स्थायी तथा अस्थायी दरवन्दीमा कार्यरत स्थायी कर्मचारी) कम्तिमा एक वर्ष समान तहको पदको अनुभव लिई अन्य मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूमा सरुवा भएका कर्मचारीहरूबाट पनि आवेदन लिई अनुसूचि-२ बमोजिम श्रम सहचारी नियुक्ति सम्वन्धी अंक गणना विधिको मापदण्ड अनुसार श्रम सहचारी पदमा छनौट गरी खटाउन सकिनेछ।

(ख) निजामती सेवमा कम्तीमा तीन बर्ष स्थायी सेवा गरेको।

(ग) वाञ्छनीय योग्यतामा 'B' Category अन्तर्गतको (जीप, कार र भ्यान) सवारी चालक अनुमती पत्र प्राप्त गरेको।

४) **कार्यसम्पादन स्तर**: विगत ३ बर्ष भित्र कुनै किसिमको विभागीय सजाय नपाएको।

५) **विषयगत तालिमको व्यवस्था:**

१. श्रम सहचारीमा खटिने वा खटिएका अधिकृतलाई मन्त्रालयले सहचारी सम्बन्धी पेशागत तालिम, कुटनीतिक अभिमुखीकरण तथा विषयगत तालिम उपलब्ध गराउने छ।

२. खटिने मुलुकको भाषा सम्बन्धमा प्रारम्भिक अध्ययन गराई कार्यस्थलमा खटाउनु पर्नेछ।

३. श्रम सहचारी नियुक्ति भएपछि सामान्यतया ३ (तीन) महिनासम्म परराष्ट्र मन्त्रालयमा रही आफूले गर्नुपर्ने काम कारबाही (काम, कर्तव्य र अधिकार) का बारेमा जानकारी लिनुपर्ने

४. श्रम सहचारीको पदावधी २ (दुई) वर्षको हुने र नियुक्ति भएपछि पदावधी लागु हुनेमिति, [९]सम्बन्धित देशस्थित नेपाली राजदूतावासमा हाजिर भएको मितिबाट हुने।

[१०]स्पष्टीकरण: यस खण्डमा जुनसुकै व्यहोरा लेखिएको भए तापनि श्रम सहचारीले आफुले सम्पादन गरेको काम कारवाही सम्वन्धमा गर्ने त्रैमासिक प्रतिवदन संन्तोषजनक नभएमा निजको कार्य सम्पादन प्रति सम्वन्धित राजदूतले ठोस विवरण सहित नकारात्मक प्रतिवेदन दिएमा श्रम सहचारीको पदावधि दुई वर्ष पुरा हुनु अगावै पनि मन्त्रालयमा फिर्ता बोलाउन सकिने छ।

[११]५. उम्मेदवारको मूल्याकंनलाई वस्तुगत तुल्याउन यस दफामा उल्लेखित न्यूनतम योग्यता र सो को अतिरिक्त योग्यता निर्धारण र सो वापत प्रदान गरिने अंक भार अनुसूची-२ मा उल्लेख भए अनुसार हुनेछ।

[१२]**७क. पदावधि थप:**

**(१)** श्रम सहचारीले आफु खटिएको देशस्थित नेपाली राजदूतावासमा रहेर कार्यरत रहँदा सन्तोषजनक कार्य गरेमा सो व्यहोराको पुष्ट्याई सहित मन्त्रालयले निज श्रम सहचारीको पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ। यसरी पदावधि थप गर्नु अघि वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४३ को उपनियम (७) बमोजिम श्रम सहचारीले आफूले सम्पादन गरेको काम कारवाहीको सम्वन्धमा गर्ने त्रैमासिक प्रतिवेदनको आधारमा मन्त्रालयले मूल्याकंन गर्नेछ। साथै सम्वन्धित राजदूतको सिफारिश, निज श्रम सहचारीको सम्बन्धमा र निज कार्यरत श्रम गन्तव्य मुलुकमा रहेका नेपाली कामदारहरूको सम्वन्धमा पत्र पत्रिकामा आउने सकारात्मक तथा नकारात्मक खबर तथा सम्वन्धित श्रम सहचारीको चाहना समेतलाई दृष्टिगत गरी मन्त्रालयले पदावधी थप गर्ने नगर्ने निर्णय गर्नेछ।

---

[९]दोश्रो संशोधनद्वारा संशोधित

[१०]दोश्रो संशोधनद्वारा थप

[११]दोश्रो संशोधनद्वारा थप

[१२]दोश्रो संशोधनद्वारा थप

सुरेश मान श्रेष्ठ
सचिव

(२) उपदफा (१) बमोजिम श्रम सहचारीको पदमा कार्यरत कर्मचारीको पदावधि थप गर्ने नगर्ने सम्बन्धमा त्यस्तो कर्मचारीको पदावधि ६ महिना बाँकी हुन अगावै निर्णय गर्नु पर्नेछ । तर यो दफा लागू भएको मिति भन्दा अघि नियुक्ति भएकाकोहकमा भने ६ महिना बाँकी नभए पनि निर्णय गर्न बाधा पुग्नेछैन ।

**८..श्रम सहचारीको आचरण** :श्रम सहचारीले दुतावासमा रहेका अन्य कुटनीतिक कर्मचारी सरह रही कार्य गर्ने छ र कुटनैतिक कर्मचारी सरह आचरणको पालना गर्नु पर्नेछ ।

## भाग -३

## छनौट प्रणाली

**९. श्रम सहचारीको छनोट प्रणाली:**

[१३]**१. सूचना प्रवाह:** श्रम सहचारी नियुक्तिको निमित्त श्रम तथा रोजगार मन्त्रालयले कम्तीमा १५ दिनको समय निर्धारण गरी मातहत निकायहरूमा सूचना जारी गर्नु पर्नेछ र यस्तो सूचना मन्त्रालयको वेब साइटमा समेत राखिने छ ।

[१४]**१क.श्रम सहचारी नियुक्ति सिफारिश समिति:**

श्रम सहचारी नियुक्तिकोलागि सूचना प्रकाशन सम्बन्धी निर्णय गर्दा यस मापदण्डमा तोकिएको मूल्यांकंन प्रणाली अनुसार आवेदकहरूको मूल्यांकंन गरी सचिव समक्ष सिफारिश गर्न मन्त्रालयमा देहाय बमोजिमको सिफारिश समिति गठन गर्नु पर्नेछ :

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, प्रशासन नीति योजना तथा अनुगमन महाशाखा | संयोजक |
| (ख) मन्त्रालयका अन्य महाशाखाका महाशाखाका प्रमुखहरू | सदस्य |
| (ग) महानिर्देशक, वैदेशिक रोजगार विभाग | सदस्य |
| (घ) मन्त्रालयको प्रशासन शाखाको उप सचिव | सदस्य सचिव |

स्पष्टीकरण: यदि प्रशासन शाखाको उप सचिव उम्मेदवार हुने भएमा अन्य शाखाका उप सचिवलाई सदस्य सचिव तोक्नु पर्नेछ ।

**२.विवरण फारम भर्नु पर्ने:** मन्त्रालयबाट उपरोक्त बमोजिम [१५]सूचना जारी भएपछि इच्छुक योग्यता पुगेका कर्मचारीले [१६]अनुसूची १ बमोजिमको आवेदन विवरण फारम भरी तोकिएको म्याद भित्र मन्त्रालयमा दर्ता गर्नु पर्नेछ ।

[१७]**३.सूची पेश गर्ने:**श्रम सहचारी नियुक्ति सिफारिश समितिले यस मापदण्डको दफा ७ मा व्यवस्था भएको श्रम सहचारी नियुक्ति सम्बन्धी न्यूनतम योग्यता पुगे, नपुगेको सम्बन्धमा कागजातहरू रूजु गर्ने, [१८]अनुसूची-२ मा उल्लेख भए अनुसार न्यूनतम योग्यता र अन्य मापदण्डको अंक गणनागरी सो को सूची सचिव समक्ष पेश गर्नु पर्नेछ ।"

[१९]**४.श्रम सहचारीको नियुक्ति:**उपदफा ३ अनुसार श्रम सहचारी नियुक्ति सिफारिश समितिले पेश गरेको मूल्याङ्कन सूची र उम्मेदवारको समग्र मूल्याङ्कन गरी सचिवले प्रदान गर्न सक्ने अनुसूची-२ बमोजिमको अधिकतम २.५ अंक सम्म सचिवले प्रदान गरी प्राप्ताङ्कको क्रम र रिक्त पद संख्या बमोजिम श्रम सहचारी नियुक्तिको टुङ्गो लगाउनु पर्नेछ ।"

**१०.सहचारी फिर्ता भएपछिको सेवा:**

श्रम सहचारीको रुपमा नियुक्त भै कार्यअवधि समाप्त गरी फर्किएका कर्मचारीले कम्तीमा एक वर्ष श्रम तथा रोजगार मन्त्रालय र मातहतका निकायमा बसी सेवा गर्नुपर्ने छ ।

---

[१३]दोश्रो संशोधनद्वारा संशोधित

[१४]दोश्रो संशोधनद्वारा संशोधित

[१५]दोश्रो संशोधनद्वारा संशोधित

[१६]दोश्रो संशोधनद्वारा संशोधित

[१७]दोश्रो संशोधनद्वारा संशोधित

[१८]दोश्रो संशोधनद्वारा थप

[१९]दोश्रो संशोधनद्वारा थप

सुरेश मान श्रेष्ठ
सचिव

अनुसूची-१

मितिः

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्रीमान् सचिवज्यू,
श्रम तथा रोजगार मन्त्रालय ।

विषय : - **श्रम सहचारी पदमा कार्य गर्न निवेदन पेश गरेको बारे** ।

त्यस मन्त्रालयको मिति ............................ को सूचना अनुसार श्रम सहचारी पदमा कार्य गर्न आफ्नो योग्यता पुगेको हुनाले निम्न बमोजिमको व्यक्तिगत विवरण खुलाई सम्बन्धित प्रमाणित कागजात सहित निवेदन पेश गरेको छु :

| सि.नं. | परिसूचक | परिसूचक अनुसारको उम्मेदवारको आफ्नो स्थिति |
|---|---|---|
| १ | **शैक्षिक योग्यता**<br>(क) स्नातक तह उत्तीर्ण भएको वा नभएको<br>(ख)स्नातकोत्तर तह उत्तीर्ण भएको वा नभएको | |
| २ | **भाषागत ज्ञान**<br>(क) IELTS Test को Overall scoreवा TOEFL (IBT)परीक्षामा प्राप्त गरेको score वा विश्व भाषा क्याम्पस नेपालबाट अंग्रेजी भाषा सीप परीक्षण प्रमाणपत्रमा प्राप्त ग्रेड | |
| ३ | अनुभव<br>(क) श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गतका काठमाण्डौ स्थित वैदेशिक रोजगार विभाग, श्रम विभाग, वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड, सामाजिक सुरक्षा कोषको सचिवालय, वैदेशिक रोजगार विभाग मातहतको इ.पि.एस. शाखा, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र वा श्रम कार्यालय, काठमाण्डौ कार्यालयको अनुभव<br>(ख) काठमाण्डौ भन्दा बाहिरका श्रम कार्यालयको अनुभव | रुजु हाजिर भएको मिति :<br>............................देखि<br>............................सम्म<br>............................देखि<br>............................सम्म |
| | (ग) ज्येष्ठता ।<br>निजामती सेवाको अनुभव<br>श्रम सहचारी पदको समान श्रेणीको पदमा कार्यरत अनुभव | ............................देखि<br>............................सम्म<br>............................देखि<br>............................सम्म |
| | (ग) चालक अनुमति पत्र प्राप्त गरे नगरेको । | |
| ४ | **विभागीय कारवाही तथा स्पष्टीकरण**<br>विगत ३ बर्ष भित्र कुनै किसिमको विभागीय कारवाही भए नभएको वा स्पष्टीकरण दिनु परे नपरेको । | |
| ५ | **सम्बन्धित देशको भाषागत तालीम**<br>खटिने मुलुकको भाषा सम्बन्धी प्रारम्भिक अध्ययन कम्तीमा २ महिना गरी सो सम्बन्धी आधिकारिक निकायको प्रमाण पत्र प्राप्त गरे नगरेको । | |

नोटः १. "देखि" भन्ने महलमा मिति उल्लेख गर्दा सरूवा वा काज सम्बन्धी निर्णय भए पछि सम्बन्धित कार्यालयमा हाजिर भएको मिति उल्लेख गर्ने ।

दस्तखत :
कर्मचारीको नाम, थर :
कार्यरत कार्यालयको नाम :
पद र सेवा समूह :
कार्यालय :

सुरेश मान श्रेष्ठ
सचिव

अनुसूची-२

**श्रम सहचारी नियुक्ति सम्बन्धी अंक गणना विधि**

| सि.नं. | परिसूचक | अधिकतम अंक भार | न्यूनतम योग्यता | न्यूनतम योग्यता र अतिरिक्त योग्यता वापत अंक गणना | कैफियत |
|---|---|---|---|---|---|
| १ | भाषागत ज्ञान | १० | अंग्रेजी भाषामा IELTS Test को Overall score 5.5वाTOEFL (IBT)परीक्षामा कम्तीमा 70 score हाँसिल गरेको वा विश्वभाषा क्याम्पसबाट English Language Proficiency Test उत्तीर्ण गरेको । | (क) IELTS Test को Overall scoreकम्तीमा 5.5 वा TOEFL (IBT)परीक्षामा कम्तीमा 70 score प्राप्त गरेको वा विश्व भाषा क्याम्पस नेपालबाट अंग्रेजी भाषा सीप परीक्षण प्रमाणपत्रमा दुइवटा सूचकहरूमा Cग्रेड र दुइवटामा C भन्दा माथि ग्रेड प्राप्त गरेको भए ७ अंक ।<br>(खIELTS Test को Overall scoreकम्तीमा6.0 वा TOEFLपरीक्षामा कम्तीमा 75 score प्राप्त गरेको वा विश्व भाषा क्याम्पस नेपालबाट अंग्रेजी भाषा सीप परीक्षण प्रमाणपत्रमा चार वटै सूचकहरूमा Bग्रेड प्राप्त गरेको भए ८ अंक ।<br>(ग)IELTS Test को Overall scoreकम्तीमा 6.5 वा TOEFL (IBT)परीक्षामा कम्तीमा 80 score प्राप्त गरेको वा विश्व भाषा क्याम्पस नेपालबाट अंग्रेजी भाषा सीप परीक्षण प्रमाणपत्रमा दुइवटा सूचकहरूमा Bग्रेड र दुइवटा सूचकहरूमा Aग्रेड प्राप्त गरेको भए ९ अंक ।<br>(घ)IELTS Test को Overall scoreकम्तीमा7.0 वा TOEFL (IBT)परीक्षामा कम्तीमा 85 score वा | |



सुरेश मान श्रेष्ठ
सचिव

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विश्व भाषा क्याम्पस नेपालबाट अंग्रेजी भाषा सीप परीक्षण प्रमाणपत्रमा एउटा सूचकमा Bग्रेड र तीनवटा सूचकहरूमा Aग्रेड प्राप्त गरेको भए १० अंक । | |
| २ | अनुभव २५ | १२ | (क) श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गतका वैदेशिक रोजगार विभाग र मातहतका कार्यालयहरू तथा इ.पि.एस. शाखा, श्रम विभाग र मातहतका कार्यालयहरू, वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड, सामाजिक सुरक्षा कोषको सचिवालय, तथा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र र मातहतका सबै कार्यालयहरूका (स्थायी तथा अस्थायी दरबन्दीमा कार्यरत स्थायी कर्मचारी) कम्तीमा १ वर्ष समान तहको पदमा रूजु हाँजिर भै कार्यरत रहेको । | (क) देहायका निकायहरूमा कार्यरत अवधिको प्रतिवर्ष देहाय बमोजिम अंक गणना गर्ने:<br>(१) काठमाण्डौ उपत्यका बाहेकका श्रम कार्यालयहरू - प्रति वर्ष ४ अंक ।<br>(२) श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, श्रम विभाग, श्रम कार्यालय काठमाण्डौ, सामाजिक सुरक्षा कोषको सचिवालय, व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, ई पि एस शाखा र वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिवालय - प्रति वर्ष ३ अंक । | (क) अनुभवको लागि वर्ष गणना गर्दा अन्य निकायबाट सरूवा वा काजमा मन्त्रालय वा अन्तर्गत रूजु हाजिर भएको दिन देखि मात्र गणना गरिनेछ । दरवन्दी मन्त्रालय वा अन्तर्गत राखी मन्त्रालय बाहिरको अन्य निकायमा काजमा रहेको अवधि अनुभवको लागि गणना गरिने छैन ।<br>(ख) रूजु हाँजिर भन्नाले सार्वजनिक बिदाको अवधि, मन्त्रालय र अन्तर्गतको निकायको कामको सिलसिलामा सोही अन्तर्गत काजमा रहेको अवधि, निजामती सेवा ऐन, नियमावली अनुसार पाउने बिदा स्वीकृत गराएर बसेको अवधि समेतलाई जनाउनेछ ।<br>(ग) मन्त्रालय र अन्तर्गतका विभिन्न निकायमा गरी निरन्तर कार्यरत भई एक वर्ष पुगेको अवस्थामा वा सो भन्दा बढी अवधि पुगेको अवस्थामा जुन जुन निकायमा जति समय (वर्ष महिना र दिन) कार्यरत भएको हो सो निकायको लागि वार्षिक रूपमा तोकिएको अंकलाई कार्यरत दिनले दामासाहीले गणना गरी कूल अंक कायम गरिनेछ । |
| | | १२ | (ख) जेष्ठता । | (क) निजामती सेवामा कम्तीमा तीन बर्ष स्थायी सेवा गरेको भए १.५ अङ्कका दरले ४.५ अंक ।<br>(ख) समान श्रेणीको पदमा कार्यरत अवधिको प्रति वर्ष ०.७५ अंकको दरले ७.५ अंकसम्म प्रदान गर्ने । | हालकै पदमा सेवा प्रवेश गरेको भए पहिलो तीन वर्षको प्रति वर्ष १.५ अंकका दरले र सो पछि प्रति वर्ष ०.७५ अकका दरले कूल १२ अंक सम्म प्रदान गरिने छ । |
| | | १ | (ग) वाँछनीय योग्यताB' Category अन्तर्गतको | B' Categoryअन्तर्गतको (जीप, कार र भ्यान) चालक | |



सुरेश माला
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (जीप, कार र भ्यान) चालक अनुमति पत्र प्राप्त गरेको । | अनुमति पत्र प्राप्त गरेको भए १ अंक प्रदान गर्ने । | |
| ३ | कार्यसम्पादन स्तर | ५ | विगत ३ बर्ष भित्र कुनै किसिमको विभागीय सजाँय नपाएको । | विगत ३ वर्षमा निजामती कर्मचारीको आचण अनुकूल व्यवहार र तोकिएको कार्य विवरण अनुसारका कार्यहरू संतोषजनक रूपमा सम्पादन गरेको भएमा ५ अंक प्रदान गर्ने । तर निजामती सेवा ऐन र निजामती सेवा नियमावलीमा भएका आचरणगत व्यवस्थाहरू उल्लंघन गरी स्पष्टीकरण सोधिएको हकमा पहिलो पटकका लागि १ अंक र दोस्रो पटक पनि स्पष्टीकरण सोधिएको अवस्थामा २ अंक घटाइने छ । | तीन वर्ष भन्नाले दरखास्त दिने अन्तिम मिति भन्दा लगत्तै अघिको तीन वर्षको अवधिलाई मानिनेछ । |
| ४ | सम्बन्धित देशको भाषागत तालीम | २.५ | खटिने मुलुकको भाषा सम्बन्धीप्रारम्भिक अध्ययन । | श्रम सहचारी नियुक्त गर्न सूचना प्रकाशन भएको कुनै एक मुलुकको भाषा सम्बन्धी प्रारम्भिक अध्ययन कम्तीमा २ महिना गरी सो सम्बन्धी आधिकारिक निकायको प्रमाण पत्र प्राप्त गरेको भए २.५ अंक प्रदान गर्ने । | |
| ५ | विषय वस्तुको प्रस्तुति | ५ | | मापदण्डमा उल्लिखित सबै न्यूनतम योग्यता पुरा भई सम्भाव्य उम्मेदवारको प्रारम्भिक सूचीमा परेका उम्मेदवारले श्रम सहचारीको रूपमा आफूले निभाउने भूमिकाको सम्बन्धमा कार्ययोजना सहितको ३० मिनेट पावर प्वाइन्ट अंग्रेजीमा प्रस्तुति गर्नु पर्नेछ । | (१) मूल्याङ्कन समितिका सदस्यहरूले प्रस्तुतिको मूल्याङ्कन व्यक्तिगत रूपमा अंक प्रदान गर्ने र सबै सदस्यहरूले दिएको अंकको कुल जोडलाई सदस्य संख्याले भाग गरी औसत अंक कायम गर्ने ।<br>(२) सदस्यहरूले ४० प्रतिशत भन्दा कम र ६० प्रतिशत भन्दा बढी अंक प्रदान गर्दा विशेष कारण खुलाउनु पर्नेछ । |
| | जम्मा अंकभार | ४७.५ | | | |
| ६ | सचिवबाट हुने मूल्याङ्कन | २.५ | | सिफारिश समितिले मूल्याङ्कन कूल ४७.५ अंक भित्र रहेर बस्तुगत मूल्याङ्कन गरी प्रतिवेदन पेश गरिसकेपछि सचिवले सम्बन्धित कर्मचारीको समग्र पक्ष | सचिवले ४० प्रतिशत भन्दा कम र ६० प्रतिशत भन्दा बढी अंक प्रदान गर्दा विशेष कारण खुलाउनु पर्नेछ । |



सुरेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मूल्याङ्कन गरी बढीमा २.५ अंक सम्म प्रदान गर्ने छन् । | |
| | कुल जम्मा | ५० | | | |

**द्रष्टव्यः**

१ श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गतका वैदेशिक रोजगार विभाग र मातहतका कार्यालयहरू तथा इ.पि.एस. शाखा, श्रम विभाग र मातहतका कार्यालयहरू, वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड, सामाजिक सुरक्षा कोषको सचिवालय, तथा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र र मातहतका सबै कार्यालयहरूका (स्थायी तथा अस्थायी दरबन्दीमा कार्यरत स्थायी कर्मचारी) कम्तीमा १ वर्ष समान तहको पदमा रूजु हाँजिर भै योग्यता पुगेका कर्मचारीहरूबाट श्रम सहचारी पदमा छनौट हुन नसकेको खण्डमा मिति २०६९।२।५ देखि स्थापित श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गतका वैदेशिक रोजगार विभाग र मातहतका कार्यालयहरू तथा इ.पि.एस. शाखा, श्रम विभाग र मातहतका कार्यालयहरू, वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड, सामाजिक सुरक्षा कोषको सचिवालय, तथा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र र मातहतका सबै कार्यालयहरूका (स्थायी तथा अस्थायी दरबन्दीमा कार्यरत स्थायी कर्मचारी) कम्तीमा १ वर्ष समान तहको पदको अनुभव लिई अन्य मन्त्रालय वा अन्तर्गतका कार्यालयमा सरूवा भएका कर्मचारीहरूबाट पनि आवेदन लिई माथिको श्रम सहचारी नियुक्ति सम्बन्धी अंक गणना विधिको मापदण्ड अनुसार श्रम सहचारी पदमा छनौट गरी खटाउन सकिनेछ ।

२ अङ्ग्रेजी भाषामा न्यूनतम अङ्क ७ प्राप्त नगरेमा श्रम सहचारी पदको छनौटको लागि अयोग्य हुनेछ ।

३ सि. नं. २ को (ग) मा उल्लिखित चालक अनुमतिपत्र व्यवस्था र सि. नं. ४ मा उल्लिखित खटिने मुलुकको भाषा सम्बन्धी प्रारम्भिक अध्ययनको व्यवस्था श्रम सहचारी पदमा नियुक्तिको लागि अनिवार्य रूपमा आवश्यक पर्ने न्यूनतम योग्यता भित्र समावेश नगरिएको तर उक्त योग्यता भएका कर्मचारीले माथि उल्लेख भए अनुसार गणनामा अंक प्राप्त गर्नेछन् ।

४ श्रम सहचारीमा छनौट भए पछि तोकिएको पदमा बहाल गर्न जानु अघि चालक अनुमतिपत्र, पेशागत तालीम र खटिने मुलुकको भाषा अनिवार्य रूपमा सिकेर जानु पर्नेछ । २०७० सालमा खटाइने श्रम सहचारीको लागि यो व्यवस्था लागू हुने छैन ।

५ गत तीन वर्षको अवधिमा निलम्वनमा परी सजाँय पाएको कर्मचारी उम्मेद्वार हुन पाउने छैन ।

६ कुनै कसुरको अभियोगमा अनुसन्धानको लागि थुनामा रहेको वा निलम्बनमा रहेको कर्मचारी सो अवधिभर उम्मेदवार हुन अयोग्य हुनेछ ।

७ एक पटक श्रम सहचारीमा रही काम गरिसकेकोलाई पुनः दोहोऱ्याएर श्रम सहचारीमा नियुक्ति गरिने छैन ।

८ प्रतिस्पर्द्धीहरूबीच समान अंक भएमा निजामती सेवाको हालको पदमा स्थायी नियुक्ति लिएको मितिको आधारमा प्राथमिकता छुट्याइने छ ।

९ महिला कामदार बढी भएका मुलुकहरू कुवेत र संयुक्त अरव इमिरेट्समा महिला उम्मेदवारलाई प्राथमिकता दिई पदस्थापना गर्नु पर्नेछ ।

१० श्रम सहचारी नियुक्ति सम्बन्धी अंक गणना विधि अनुसार बढी अङ्क प्राप्त गर्ने उम्मेदवारले आफूले रोजेको प्राथमिकताको आधारमा क्रमशः सम्बन्धित मुलुकस्थित राजदूतावासहरूमा पदस्थापनाको लागि सिफारिश गरिनेछ ।